राष्ट्रिय दैनिक

# द नेपालटप

thenepaltop.com

वर्ष ०१ | अंक ०३ | सोमबार, ९ फागुन २०७८ | Monday, 21 February 2022 | नेपाल संवत् ११४२ | पृष्ठ : ८ | मूल्य: ५/-




# सांसदमा विरोध, संसद्मा टेबुल



**जङ्ग तामाङ**
काठमाडौं

प्रक्रिया सुरु भएको १० वर्षपछि मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी)सम्बन्धी प्रस्ताव संसदीय अनुमोदनका लागि टेबुल भएको छ ।

सडकमा चर्को विरोधका बीच अर्थमन्त्रीका तर्फबाट सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले आइतबार टेबुल गरे ।

सत्तारुढ गठबन्धनका शीर्ष नेताहरूबीच भएको समझदारीअनुसार प्रस्ताव टेबुल भएको हो । बृहत्तर राजनीतिक सहमति आवश्यक परेकाले प्रस्ताव टेबुल गर्नुपरेको मन्त्री कार्कीले स्पष्ट पारेका छन् ।

'बृहत्तर राजनीतिक सहमति आवश्यक भएकाले सबै नेपालीले राष्ट्रिय गौरवको रूपमा यो आयोजनालाई स्वामित्व लिने गरी यस सम्झौतालाई जनप्रतिनिधिहरूबाट संवैधानिक व्यवस्थाअनुरूप अनुमोदन उपयुक्त भएकाले प्रस्ताव टेबुल गरिएको छ', मन्त्री कार्कीले भने ।

सभामुख अग्निप्रसाद सापकोटाले नेपाली समाजलाई थप ध्रुवीकरण हुन नदिन राष्ट्रिय महत्त्वको एमसीसी कार्यसूचीमा समावेश गरी छलफल गर्न उपयुक्त देखिएको बताएका थिए ।

(बाँकी पृष्ठ ७ मा)

## टाइमलाइन **एमसीसी**

**२०६८ माघ :** थ्रेसहोल्डका लागि छनोट
**२०७० :** विज्ञ समूह गठन
**२०७१ माघ :** नेपाल छनोटमा
**२०७१ चैत :** निर्देशक समिति गठन
**२०७२ भदौ :** आयोजना अध्ययन सहायता स्वीकार
**२०७३ साउन :** प्राविधिक अनुदान स्वीकार
**२०७४ जेठ :** वार्ता टोली गठन
**२०७४ साउन :** प्रस्ताव मन्त्रिपरिषद्मा पेस
**२०७४ भदौ :** सम्झौताको अख्तियारी
**२०७४ भदौ २९ :** सम्झौतामा हस्ताक्षर
**२०७५ माघ २५ :** संसद्मा प्रस्ताव पेस गर्न स्वीकृति
**२०७६ असोज १२ :** कार्यान्वयन सम्झौतामा हस्ताक्षर
**२०७८ फागुन ८ :** सम्झौता संसद्मा टेबुल

## माउ पार्टी समर्थनमा भ्रातृको विरोध

**काठमाडौं/टीएनटी–** मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) संसद्बाट अनुमोदन गर्ने/नगर्नेबारे सत्ता गठबन्धनबीच खटपट भइरहँदा सत्तारुढ दलका भ्रातृ सङ्गठन भने एमसीसीको विरोधमा उत्रिएका छन् ।

माउ पार्टीहरू घुमाउरो ढंगमा एमसीसीबारे लचक हुँदा विद्यार्थी र अन्य भ्रातृ सङ्गठन दिनहुँ आन्दोलनमा सामेल भइरहेका छन् । नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), राष्ट्रिय जनमोर्चाका भ्रातृ सङ्गठन चर्का नाराबाजीसहित सडकमा छन् ।

जनमोर्चा विगतदेखिनै एमसीसीको विरोधमा छ । सत्ता गठबन्धन भाँडिने निधो भएपछि नेकपा एसले शनिबार एमसीसी संसद्मा टेबुल गर्न दिने निर्णय गरेको थियो । पार्टी स्थायी समिति बैठकमा सदस्यहरूले सत्ता गठबन्धन टिकाउनुपर्ने धारणा राखेपछि नेकपा एसले एमसीसी टेबुल गर्न दिने मध्यमार्गी धार लिएको छ ।

सो पार्टी सम्बद्ध जनवर्गीय सङ्गठनहरूले सम्झौताको विरोधमा आइतबार देशव्यापी प्रदर्शन गरे । लोकतान्त्रिक विधि र संसदीय अभ्यासअनुसार प्रस्ताव संसद्मा टेबुल भए पनि नेकपा एस एमसीसी प्रस्तावको विपक्षमा रहेकाले आन्दोलन नरोकिने सो पार्टीको युवा संघ नेपालका उपाध्यक्ष सञ्जीव राईले बताए ।

'प्रस्ताव टेबुल नै हुन नदिनु अतिवाद हुन्छ भन्ने पार्टीको ठहर हो', उनले भने, 'तर, हाम्रो पार्टी एमसीसीको विरोधमा छ, प्रस्ताव टेबुल हुनु अन्तिम निर्णय होइन, पार्टीका सबै संघसंस्था आन्दोलनमा रहन्छन् ।'

(बाँकी पृष्ठ २ मा)

## भैंसीमा टर्‍यो ५० लाखको आश्वासन



*मधेस आन्दोलनमा मृत्यु भएका राजकिशोरकी श्रीमती अंशुदेवी*

**राकेश यादव**
रौतहट

रौतहटको राजपुर– ४ बलुवाटोलका शेख मैनुद्दिन मधेस आन्दोलनको क्रममा प्रहरीले चलाएको गोली लागेर मारिए । उनकी श्रीमती समिना बेगमको अहिले बिचल्ली छ ।

### शहीद परिवारका पीडा

मैनुद्दिन २७ भदौ २०७२ मा गौर पुगेका थिए । उनलाई गौरको कबिर चोकमा प्रहरीले चलाएको गोली लाग्यो ।

उपचारको क्रममा वीरगंजको एक अस्पतालमा १९ पुस २०७२ मा उनको मृत्यु भयो । उनले उचित उपचारसमेत पाउन नसकेको परिवारको गुनासो छ । उनकी श्रीमती समिना फुसले बनेको घरमा पछिल्ला वर्ष कष्टकर जीवन बिताइरहेकी छन् ।

श्रीमान्को मृत्युपछि नेताहरू आएर धेरै आश्वासन दिए । तर, ती आश्वासन अहिलेसम्म पूरा भएका छैनन् । छोराछोरी पढाइदिने, रोजगारी दिनेलगायतका आश्वासनहरू पाएको समिनाले बताइन् ।

(बाँकी पृष्ठ २ मा)

## परराष्ट्र 'सन्तुलित'

**काठमाडौं/टीएनटी–** नेपालले आफ्नो राष्ट्रिय आवश्यकता र प्राथमिकताअनुसार विकास सहायता उपयोग गरेकाले स्वतन्त्र, सन्तुलित र असंलग्न विदेश नीतिबमोजिम विकास सहायता स्वीकार गरेको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

विकास सहायताले पूर्वाधार निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेको मन्त्रालयको भनाइ छ । चीन र अमेरिकाले मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी)को विषयबारे नेपाल लक्षित आआफ्ना तर्क सार्वजनिक भइरहेका बेला परराष्ट्रले यस्तो बताएको हो ।

'नेपालले स्वतन्त्र, सन्तुलित र असंलग्न विदेश नीति अवलम्बन गर्दै आएको छ । यही नीतिबमोजिम आफ्नो राष्ट्रिय आवश्यकता र प्राथमिकताअनुसार सार्वभौम मुलुक नेपालले विकास सहायता स्वीकार गर्छ र उपयोग गर्छ', परराष्ट्रले आइतबार साँझ जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

तर, विज्ञप्तिमा प्रस्ट चीन र अमेरिकाको नाम खुलाइएको छैन । विज्ञप्तिमा अघि भनिएको छ, 'संयुक्त राष्ट्रसंघलगायत क्षेत्रीय र बहुपक्षीय विकास साझेदारले सामाजिक तथा आर्थिक विकासका लागि निरन्तर दिँदै आएको सहयोगप्रति नेपाल सरकार कृतज्ञ छ ।'

(बाँकी पृष्ठ २ मा)

## 'तान्त्रिक किलर'को रहस्यमय कारागार यात्रा

**सुरेश तामाङ**
काठमाडौं



तन्त्र–मन्त्रमार्फत रोग निको पारिदिने माध्यम बनाएर पैसा कमाउन थाले । कामको सिलसिलामा उनको धनाढ्यहरूसँग बाग्लो उठबस हुन थाल्यो

नेपाली सिरियल किलरमध्येको एक कुख्यात नाम हो, अभिषेकराज सिंह । उनी नेपाली 'शोभराज'को नामले समेत परिचित छन् ।

नेपालगंज– ३, बाँकेका सिंह २०७० सालमा पक्राउ परे । उनलाई त्यसबेला महानगरीय प्रहरी अपराध महाशाखाले पक्राउ गरेको थियो । तन्त्रमन्त्र सिकेका उनले धार्मिक आवरणमा विभिन्न खाले अपराध गर्दै 'सिरियल किलर'को कुख्याती कमाएका थिए ।

उनीमाथि ६ जनाभन्दा बढी व्यक्तिको शृंखलाबद्ध हत्या गरेको अभियोग छ । सोही मुद्दामा उनी ललितपुरको नख्खु कारागारमा जन्मकैदको सजाय भोगिरहेका थिए ।

तर, २०७५ वैशाखमा नख्खु कारागारभित्रै अर्का कैदी भक्तबहादुर सुनुवारलाई खानामा मन्द बिष मिसाएर हत्या गरेपछि उनलाई केन्द्रीय कारागार सुन्धाराको गोलघरमा राखिएको थियो ।

त्यसपछि पछिल्लो पटक उनलाई मोरङ कारागार सारिएको छ । सिंहले विभिन्न वनस्पति प्रयोग गरी मन्द बिष बनाएर सुनुवारलाई खुवाएका थिए । आफूले बनाएको बिषको परीक्षण उनले सुनुवारमाथि गरेको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले त्यसबेला गरेको अनुसन्धानमा खुलेको थियो ।

सिंहलाई कारागार सारिरहनु आवश्यक रहेको प्रहरी प्रधान कार्यालयले दाबी गरेको छ । प्रहरी प्रवक्ता प्रहरी बरिष्ठ उपरीक्षक विष्णुबहादुर केसीले कैदीले कारागारभित्र रहँदा कुनै गम्भीर विवाद सिर्जना गर्दै गरेको शंका लागेमा कैदीलाई अन्य कारागार सार्नुपर्ने आवश्यकता रहेको बताए ।

'कैदीले कारागारमा रहँदा विवाद सिर्जना गर्दै गरेको लागेमा उसलाई अन्य कारागारमा सार्नुपर्छ । थप क्षति नहोस् भन्ने हेतुले यसो गर्नुपर्ने हुन्छ', उनले भने ।

**अर्थपूर्ण स्थानान्तरण**

कारागार राख्दा पनि सिंहले अपराधका थप योजना बुनिरहेकाले उनलाई कारागार स्थानान्तरण गर्नुपरेको प्रहरी अधिकारीहरू नै स्वीकार्छन् । तर, पछिल्लो पटक कांग्रेसका सभापति शेरबहादुर देउवा प्रधानमन्त्रीमा नियुक्ति भएसँगै उनको कारागार स्थानान्तरणलाई अर्थपूर्ण रूपमा हेरिएको छ ।

आफूअनुकूल चलखेल गर्न कैदीबन्दीले भूगोलअनुसारको कारागार फेर्ने चलन चल्दै आएको छ । नेपालका चर्चित कैदीले यस्तै माध्यम अपनाउने गरेका छन् । कतिपय 'हाई प्रोफाइल' कैदीबन्दीले जेलभित्रैबाट पुरानै किसिमका अपराध दोहोऱ्याइरहेका घटना पनि सेलाउन पाएका छैनन् ।

पूर्व प्रहरी नायव उपरीक्षक (डीआईजी) हेमन्त मल्लले कैदीबन्दी एकै स्थानमा रहिरहँदा उसले सञ्जाल बनाएर थप अपराध गर्न सक्ने भएकाले कैदीलाई एक कारागारबाट अर्को कारागारमा सार्नुपरेको बताए ।

(बाँकी पृष्ठ २ मा)

